# बैठक संख्याः १ (एक)

मितिः २०८३।४।१२ मंगलबार    समयः विहानको १०:०० बजे    स्थानः सि.न.पा.को बैठक कक्ष

सिद्धार्थनगर नगरपालिकाका प्रमुख श्रीमान् इश्तियाक अहमद खाँज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री इश्तियाक अहमद खाँ | नगर प्रमुख | |
| २ | श्री उमा अधिकारी | नगर उपप्रमुख | |
| ३ | श्री उज्जवल पोखरेल (वडा अध्यक्ष - वडा नं. १) | कार्यपालिका सदस्य | |
| ४ | श्री छेदीलाल श्रीवास्तव (वडा अध्यक्ष - वडा नं. २) | कार्यपालिका सदस्य | |
| ५ | श्री नारायण प्रसाद उपाध्याय (वडा अध्यक्ष - वडा नं. ३) | कार्यपालिका सदस्य | |
| ६ | श्री मुक्तिनाथ यादव (वडा अध्यक्ष - वडा नं. ४) | कार्यपालिका सदस्य | |
| ७ | श्री पुरन प्रसाद श्रेष्ठ (वडा अध्यक्ष - वडा नं. ५) | कार्यपालिका सदस्य | |
| ८ | श्री विरेन्द्रनाथ श्रीवास्तव (वडा सदस्य - वडा नं. ६) | कार्यपालिका सदस्य | |
| ९ | श्री दामोदर शर्मा घिमिरे (वडा अध्यक्ष - वडा नं. ७) | कार्यपालिका सदस्य | |
| १० | श्री राजन जंग राणा (वडा अध्यक्ष - वडा नं. ८) | कार्यपालिका सदस्य | |
| ११ | श्री युवराज बराल (वडा सदस्य - वडा नं. ९) | का.बा. अध्यक्ष | |
| १२ | श्री सुर्जमन अहिर यादव (वडा अध्यक्ष - वडा नं. १०) | कार्यपालिका सदस्य | |
| १३ | श्री दिलीप कुमार यादव (वडा अध्यक्ष - वडा नं. ११) | कार्यपालिका सदस्य | |
| १४ | श्री कुमार गुरुङ्ग (वडा अध्यक्ष - वडा नं. १२) | कार्यपालिका सदस्य | |
| १५ | श्री सोम बहादुर गुरुङ्ग (वडा अध्यक्ष - वडा नं. १३) | ~~का.बा. अध्यक्ष~~ कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १६ | श्री द्रुपदा पनेरु | कार्यपालिका सदस्य | [signature] |
| १७ | श्री बीना माया ज्ञवाली | कार्यपालिका सदस्य | [signature] |
| १८ | श्री रुपा कुमारी सुनार बराईली | कार्यपालिका सदस्य | [signature] |
| १९ | श्री सविता हरिजन | कार्यपालिका सदस्य | [signature] |
| २० | श्री गयीतिरा चमार | कार्यपालिका सदस्य | [signature] |
| २१ | श्री सुभावती चमार | कार्यपालिका सदस्य | [signature] |
| २२ | श्री केदार प्रसाद बरै | कार्यपालिका सदस्य | [signature] |
| २३ | श्री शिव नारायण कोइरी | कार्यपालिका सदस्य | [signature] |
| २४ | श्री जनक थापा (प्रमुख प्रशासकीय अधिकृत) | सचिव | [signature] |
| २५ | श्री देव प्रसाद ज्ञवाली (वरिष्ठ प्रशासकीय अधिकृत) | प्रशासनिक काम गर्ने | [signature] |

प्रस्तावहरु :

१. तिनपाङ्ग्रे (ई-रिक्सा) सवारी साधन व्यवस्थापन सम्बन्धमा ।

२. विविध ।

## बैठक संख्या – १(एक)

## मिति २०८३/४/१२ को नगर कार्यपालिका बैठकको निर्णयहरुः-

निर्णय नं. १(एक)

सिद्धार्थनगर नगरपालिकाको तीन पाङ्ग्रे सवारी साधन सञ्चालन, व्यवस्थापन तथा नियमन सम्वन्धी (प्रथम संशोधन) कार्यविधि, २०८१ बमोजिम तिनपाङ्ग्रे (ई-रिक्सा, अटोरिक्सा) सवारी साधनलाई व्यवस्थित रुपमा सन्चालन गर्नका लागि यस नगरपालिकामा जम्मा ४७३ तिन पाङ्ग्रे सवारी साधन दर्ता प्रकृयामा आइ दर्ता भइ सकेका र बाँकी तिनपाङ्ग्रे सवारी साधनहरुलाइ नयाँ दर्ता गरी व्यवस्थित गर्ने सन्दर्भमा जिल्ला प्रशासन कार्यालय रुपन्देहीका प्रमुख जिल्ला अधिकारी श्री बासुदेव घिमिरेको संयोजकत्वमा मिति २०८१/१०/१३ मा बसेको अन्तरपालिका समन्वय बैठकबाट भएको निर्णायानुसार तिन पाङ्ग्रे (ई-रिक्सा, अटो रिक्सा) नयाँ दर्ता प्रकृयाका लागि मिति २०८१/१२/२२ मा सूचना प्रकाशन हुँदा १८८ रिक्सा दर्ताको लागि प्रकृया पुरा गरी निवेदन पेश भएकोमा नगरपालिकाले तोकेको कोटा (तिन पाङ्ग्रे सवारी साधन संख्या) ५०० मध्ये ४७३ दर्ता भइ सकेको र दर्ता हुन आएका रिक्साको लागि कोटा अपुग भइ दर्ता हुन नसकेको हुँदा यस नगरपालिकाको तिन पाङ्ग्रे सवारी साधनको नयाँ रिक्सा दर्ता संख्या (कोटा) खुल्ला राख्ने र यस पूर्व पेश भएका (निवेदन) तिन पाङ्ग्रे सवारी साधन १८८ लाई दर्ता गरी उक्त कार्यविधि बमोजिम अन्य तिनपाङ्ग्रे सवारी साधनको नयाँ दर्ताको लागि सूचना प्रकाशन गरी रिक्सा दर्ता गर्ने निर्णय गरियो।

निर्णय नं. २ (दुई) विविधः

१. सिद्धार्थनगर नगरपालिका वार्ड नं. १ बेलहियामा भैरहवा भन्सार कार्यालय अगाडी सामुदायिक भवनको छेउमा लुम्बिनी प्रदेश सरकारद्धारा शौचालय निर्माण सम्पन्न गरी यस नगरपालिकालाई हस्तान्तरण गरिएको हुँदा सो शौचालयलाई सुरक्षित र व्यवस्थित रुपमा सन्चालन गर्नका लागि खुला प्रतिस्पर्धा मार्फत टेण्डर आव्हान गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकामा कार्यरत सहायक प्रशासकीय अधिकृत श्रीमती दुर्गा कुमारी कोइरालाले आफ्नो व्यक्तिगत कारण देखाइ मिति २०८३/०४/११ गते देखि लागु हुने गरी दिनु भएको राजिनामा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम १३२ को उपनियम ३ को (क) बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

३. सिद्धार्थनगर नगरपालिका वार्ड नं. १ बेलहिया स्थित भैरहवा भन्सार कार्यालयको पूर्वतर्फ नगरपालिकाको जग्गामा अनुमति नलिइकन निर्माण भएको टिनको टहरो हटाउन ७ दिनको सार्वजनिक सूचना जारी गर्ने र सो समयाबधी भित्र नहटाएमा नगरपालिकाले हटाउने निर्णय गरियो।

४. बेलहिया बुटवल सडक खण्ड अन्तर्गत बेलहिया देखि डण्डा खोला सम्म सर्भिसलेनमा नाला निर्माण अधुरो रहेको हुँदा सो नाला निर्माण गरीदिन सडक विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

५. नगरपालिकाको शाखागत प्रगति विवरण आगामी कार्यपालिका बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

६. वडाहरुमा रहेको सतहढल, नाली लगायतको फोहोरमैला व्यवस्थापनका लागि सरसफाइ अभियानको रुपमा सन्चालन गर्ने बिषयलाई मध्यनजर राखी नगरपालिकाबाट परिचालन हुने सरसफाइकर्मीहरुलाई एकमुष्ठ रुपमा Rotation का आधारमा पालैपालो वडाहरुमा खटाइ सबै वडामा सरसफाइ अभियान सन्चालन गर्ने निर्णय गरियो ।

७. न.पा. को विभिन्न स्थानहरुमा बर्षातको पानीका कारण सडक हिलाम्य भई आवातजावतमा समस्या पर्न गएको हुँदा त्यस्ता अति आवश्यक पर्ने स्थानहरुको पहिचान गरी सडकमा ग्राभेल राख्ने निर्णय गरियो ।

८. यस नगरपालिकामा रहेका किसानहरुलाई कृषि सामग्री कम्पनी लिमिटेड मार्फत उपलब्ध हुने रासायनीक मलका सम्बन्धमा कृषि सामग्री कम्पनी लिमिटेड, प्रादेशिक कार्यालय भैरहवाको च.नं. २६ मिति २०८३/०४/१२ को पत्र कार्यपालिका बैठकमा जानकारी भयो ।

९. सिद्धार्थनगर नगरपालिकाको आर्थिक बर्ष २०८३/८४ का लागि पारित भएको नीति तथा कार्यक्रम र वजेट तथा कार्यक्रमका आधारमा निर्माण भएको बार्षिक खरिद योजना र बार्षिक खरिद कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

१०. सिद्धार्थनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय उपर आईपर्ने मुद्दा मामिलाहरुमा यस नगर कार्यपालिका तथा नगरपालिकाको तर्फबाट प्रतिवाद, प्रतिरक्षा गर्न अड्डा अदालतमा स्वंयम वा वारिस मार्फत उपस्थित भइ आवश्यकता अनुसार कानुन व्यवसायी समेत मुकरर गरी मुद्दामा प्रतिवाद, प्रतिरक्षा गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतलाइ अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।